# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ४) पाङ्डाँडा, दोलखा, बागमती प्रदेश, नेपाल मंसिर २१ गते २०७८ (संख्या ५**


## भाग २

## प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि २०७८

**(गाउँ कार्यपालिकाबाट पारित)**

(गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७८-०५-१३)

**प्रस्तावना:**

गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरु गाउँपालिकाबाट सञ्चालित योजनाहरुको योजनास्थलमै जानुपर्ने गरी सञ्चालित हुने विकास योजना तथा कार्यक्रममा हुने प्राविधिक कर्मचारीले प्राप्त गर्ने सुविधालाई व्यवस्थित गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी वैतेश्वर गाउँ कार्यपालिकाले यो प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि २०७८ जारी गरेको छ ।

**१). संक्षिप्त नाम र प्रारम्भ:** क) यस कार्यविधिको नाम प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि २०७८ रहेको छ ।

ख) यो कार्यविधि स्वीकृत भएको चालु आर्थिक वर्ष देखि लागु हुनेछ ।

**२). परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) अनुगमन समिति भन्नाले गाउँ कार्यपालिकाले गठन गरेको अनुगमन समिति सम्झनु पर्दछ ।

ख) योजना भन्नाले गाउँपालिकाभित्र सञ्चालित योजनाहरु बुझ्नुपर्नेछ ।

ग) कार्यालय भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ) समिति भन्नाले उपभोक्ता समिति भन्ने सम्झनु पर्दछ ।

ङ) प्राविधिक कर्मचारी भन्नाले योजना हेर्ने गरी तोकिएको प्राविधिक कर्मचारी सम्झनुपर्दछ।

च) अधिकृतस्तर कर्मचारी भन्नाले राजपत्राङ्कित द्वितिय र तृतिय श्रेणी वा छैटौ तह वा सो भन्दा माथिल्लो तहका कर्मचारीलाई बुझ्नुपर्नेछ।

छ) सहायक स्तर भन्नाले पाचौं तह वा सो सरह वा सो भन्दा मुनिका पदमा कार्यरत कर्मचारीलाई बुझ्नु पर्नेछ।

**३). फिल्ड कार्य:** यस कार्यविधि बमोजिम योजनाको लागत स्टीमेट तयार गर्न, रनिङबिल तयार गर्न, अनुगमन गर्न, कार्यसम्पादन स्तर जाँच गर्न वा नापि किताब तयार पार्न वा कार्यसम्पन्न प्रतिवेदन तयार गर्न वा योजना सम्पन्न भई सकेपश्चात जुनसुकै अवस्थामा प्राविधिक कर्मचारी फिल्डमा गई हेर्नुपर्नेछ।

**४). प्रतिवेदन पेश गर्नुपर्ने:** १) दफा ३ मा उल्लेखित मध्ये जुन योजनाका लागि जुन काममा खटिई गएको हो सो कामको नियमानुसारको प्रतिवेदन फिल्डबाट फर्किएको तीन दिनभित्र तयार गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

**५). फिल्ड भ्रमण प्रतिवेदन**: यस कार्यविधि बमोजिम फिल्ड सुविधा दाबी गर्ने कर्मचारीले योजनाको कार्यसम्पन्न भैसकेपश्चात कार्यसम्पन्न प्रतिवेदन साथसाथै प्रत्येक योजनाका लागि फिल्डमा खटिएको योजनागत फिल्ड भ्रमण प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ।

**६). फिल्ड सुविधा: १)** विकास योजना/कार्यक्रमहरुको अनुगमन र प्रतिवेदन गर्ने प्राविधिक ( इन्जिनियरिङ्ग) कर्मचारीहरुलाई मासिक आधारभूत तलब स्केलको ३० प्रतिशत थप सुविधा उपलब्ध गराउनु पर्नेछ।

२) दफा ६ को उपदफा १ बमोजिम फिल्ड सुविधा लिइएका कर्मचारीहरुलाइ कुनै किसिमको दैनिक भ्रमण भत्ता वा अनुगमन भत्ता उपलब्ध गराइने छैन।

३) दफा ६ को उपदफा २ मा जुनसुकै कुरा उल्लेख भएता पनि प्राविधिक कर्मचारीहरु तालिममा जाँदा तालिम प्रदायक निकायको पत्रको आधारमा नियम बमोजिम दैनिक भ्रमण भत्ता उपलब्ध गराइने छ, तथा गाउँ कार्यपालिकामा कार्यरत प्राविधिक कर्मचारी सहितको अनुगमन समितिले योजना तथा कार्यक्रम अनुगमन गरे वापत नियमानुसारको भत्ता उपलब्ध गराइने छ।

**७). असल नियतले गरेका काम बचाऊ:** यस कार्यविधि बमोजिम योजना सम्पन्न गर्दा असल नियतले गरेका कामको सम्बन्धमा प्राविधिक कर्मचारी, जनप्रतिनिधि वा अनुगमन टोलीका संयोजक तथा सदस्यहरु उपर कुनै कारबाही हुने छैन।

**८). प्रचलित कानुन बमोजिम हुने:** क) यस कार्यविधिमा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुऱ्याएको मानिने छैन।

**९). संशोधन:** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ।

आज्ञाले

गणेश राम पोखरेल

प्रमुख प्रशासकीय अधिकृत